# वरिष्ठ कलाकार सानु ताम्राकारको निधन



**हिमालय टाइम्स**

काठमाडौं, ९ भदौ

वरिष्ठ कलाकार सानु ताम्राकारको निधन भएको छ । केही समयअघि छोरा गुमाउनुभएका उहाँको उपचारको क्रममा निधन भएको हो । छोरा सारुक घरमा मृत फेला परेपछि सानु ताम्राकारको स्वास्थ्य अवस्था बिग्रिएको थियो । उहाँ साउनको दोस्रो हप्ता नर्भिक अस्पतालमा भर्ना हुनुभएको थियो । चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाका अनुसार आईसीयूमा भर्ना हुनुभएका ताम्राकारको पछिल्लो समय किड्नीमासमेत समस्या देखिएको थियो । उहाँको शनिबार करिब ३ बजे नर्भिक अस्पतालनमा निधन भएको हो ।

अध्यक्ष निरौलाका अनुसार उहाँको आज (आइतबार) अन्त्येष्टि गर्ने तयारी गरिएको छ । थुप्रै चलचित्र तथा सिरियलमा अभिनय गर्नुभएका ताम्राकार तीन वर्ष चलचित्र कलाकार संघको कार्यवाहक अध्यक्षसमेत बन्नुभएको थियो । उहाँले 'जीवन रेखा, बदलिँदो आकाश, निरमोही, जुन तारा, सुरक्षा, रगत, ज्वालामुखी, जीवन मृत्यु, मन मनै मन पराए, अभियान, पल, ग्याम्लर, भूँइमान्छे, मेरी मामु'लगायत चलचित्रमा अनिभनय गर्नुभएको छ ।

# 'विश्वेश्वरप्रसाद कोइराला चेतना, चिन्तन र राजनीति' लोकार्पण

**हिमालय टाइम्स**

काठमाडौं, ९ भदौ

प्राध्यापक कृष्ण खनालको कृति 'विश्वेश्वरप्रसाद कोइराला चेतना, चिन्तन र राजनीति' लोकार्पण गरिएको छ । काठमाडौंमा एक कार्यक्रमबीच प्रथम राष्ट्रपति डा.रामवरण




यादव, प्राडा.लोकराज बराल, प्राडा.अभि सुवेदी, डा.तुलसीप्रसाद भट्टराई, वामपन्थी चिन्तक नरेन्द्रजंग पिटर, मानव अधिकारकर्मी मोहना अन्सारीले कृति लोकार्पण गर्नुभएको हो ।

समारोहमा प्रथम राष्ट्रपति यादवले कृतिको अध्ययनले बीपीको जीवनी र त्यसबेलाका राजनीतिक परिदृश्य स्पष्ट पारेको सुनाउनुभयो । उहाँले प्राध्यापक खनालले पुस्तकमार्फत मुलुकको राजनीतिक इतिहासलाई नयाँ पुस्तासँग जोड्न खोज्नुभएको पनि बताउनुभयो ।

प्राडा.बरालले यस पुस्तकको अध्ययनले विश्वेश्वरप्रसाद कोइराला नेपाली समाज र राजनीतिको पुनर्जागरणको प्रतीक भएको स्पष्ट भएको उल्लेख गर्दै बीपी गान्धीको चिन्तन र आर्थिक चिन्तनबाट प्रेरित हुनुभएको चर्चा गर्नुभयो । त्यस्तै प्राडा.सुवेदीले उत्त कृतिलाई जीवन महाकाव्यको संज्ञा दिँदै बीपी कोइरालाबारे अहिलेसम्म लेखिएका पुस्तकमध्ये यो महत्त्वपूर्ण रहेको जिकिर गर्नुभयो ।

मानव अधिकारकर्मी अन्सारीले बीपीबारे लेखिएको यस कृतिको अध्ययनले हाम्रो मुलुक प्राकृतिक स्रोतसाधनले सम्पन्न भएर पनि विकासमा किन पछि पर्‍यो भन्ने कुरा स्पष्ट हुने बताउनुभयो ।

प्राडा.गोविन्दराज भट्टराईले सञ्चालन गरेको कार्यक्रममा प्रकाशकका तर्फबाट हरि गौतमले पुस्तकबारे जानकारी गराउनुभएको थियो भने वामपन्थी चिन्तक पिटरले आफ्नो दृष्टिकोण राख्नुभएको थियो । लेखक खनालले यस पुस्तकमार्फत बीपी कोइरालालाई आजको समाजसँग जोड्न खोजिएको धारणा राख्नुभयो ।

# प्रज्ञा-प्रतिष्ठानको ४०औं प्राज्ञसभा सम्पन्न




**हिमालय टाइम्स**

काठमाडौं, ९ भदौ

चालु आर्थिक वर्षका लागि कार्यक्रम र बजेट पारित गर्न नेपाल प्रज्ञा-प्रतिष्ठानको ४० औं प्राज्ञसभाको उद्घाटन सत्र समापन भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं प्रज्ञा-प्रतिष्ठानका संरक्षक सुदन किरातीका पिता हर्कबहादुर राई कीर्तिशेष हुनुभएकाले यस प्राज्ञसभामा संस्कृति मन्त्री उपस्थित हुन सक्नुभएन् । यस शोकको दुःखद घडीमा उहाँका पिताप्रति हार्दिक श्रद्धाञ्जलि तथा मन्त्री किरातीलगायत परिवारजनमा प्राज्ञसभाले गहिरो समवेदना प्रकट गर्‍यो ।

प्रतिष्ठानका पूर्वकुलपति बैरागी काइँलाले बुधबार शुभारम्भ गर्नुभएको सो सभामा प्राज्ञ परिषद्द्वारा पारित भएका कार्यसूची र निर्णय अनुमोदनका लागि प्रस्ताव गरिएको थियो । सभामा आर्थिक वर्ष २०७९/०८० को कार्यक्रम तथा बजेटको वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/०८१ कार्यक्रम तथा बजेट अनुमोदन, प्रतिष्ठानको नियमावली, २०६७, कलाकार तथा कर्मचारी सेवासम्बन्धी नियमावली, २०७७ र आर्थिक प्रशासन नियमावली, २०७९ का केही नियममा समसामयिक संशोधनका कार्यसूची रहेका थिए । पूर्वकुलपति काइँलाले राज्यले प्राज्ञिक निकायलाई पर्याप्त बजेट नदिएर उपेक्षा गर्ने गरेको गुनासो गर्नुभयो । उहाँले बजेट वृद्धिका लागि प्रतिष्ठानका कुलपति र सदस्य सचिव मन्त्रालयका उपसचिव तथा सहसचिवको कार्यकक्षमा धाउनुपर्ने बाध्यता आफूहरूले पनि व्यहोरेको अनुभव सुनाउनुभयो ।

प्रतिष्ठानका कूलपति भूपाल राईले 'सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' भन्ने उद्घोषसहित आफूहरूले कार्य प्रारम्भ गरेको उल्लेख गर्दै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकापछि प्राज्ञिक क्षेत्रलाई प्राथमिकता दिनुपर्ने प्रस्ताव गर्नुभयो । राजनीतिज्ञ र कर्मचारीतन्त्रले प्राज्ञिक क्षेत्रलाई महत्व नदिएको गुनासो गर्दै उहाँले ज्ञान र विचारको विकेन्द्रीकरण गर्ने पक्षमा आफूहरू अग्रसर रहेको उल्लेख गर्नुभयो ।

भाषा आयोगका अध्यक्ष गोपाल ठाकुरले सबै राष्ट्रभाषाको प्रज्ञा-प्रतिष्ठान हो भन्ने मान्यता र सोचलाई आत्मसात् गरेर काम गर्न सुझाब दिनुभयो । नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्माले प्रज्ञा-प्रतिष्ठानलाई व्यवस्थित रूपमा सञ्चालन गर्न कानुन संशोधन हुनुपर्नेमा जोड दिनुभयो भने ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले तीनवटै प्रज्ञा-प्रतिष्ठानबीच सहकार्य हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । स्वागत मनतव्यका क्रममा प्रज्ञा-प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले प्राज्ञिक क्षेत्रमा महत्त्वपूर्ण काम गर्ने बताउनुभयो । कार्यक्रमको सञ्चालनका क्रममा प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव डा.धनप्रसाद सुवेदीले प्रज्ञा-प्रतिष्ठानलाई समावेशी चरित्रको बनाउँदै सबैलाई समेट्ने बताउनुभयो ।

कार्यक्रममा प्रतिष्ठानको नयाँ प्रकाशन 'समाज अनुसन्धान' पत्रिका विमोचन गरिएको थियो । यस पत्रिकाको प्रधान सम्पादकमा प्राज्ञ परिषद् सदस्य तथा सामाजिकशास्त्र विभाग प्रमुख डा.कौशिला रिसाल, सम्पादन मण्डलमा प्राज्ञसभा सदस्य द्वय नारायणप्रसाद मरासिनी र नवीन जिरेल तथा गोकुल पोखरेल, प्रकाश थापामगर, सरोज दिलु र कार्यकारी सम्पादकमा नारायण शर्मा रहनुभएको छ ।

# पन्ध्रौं मानव पुस्तकका रूपमा साहित्यकार चालिसे

**हिमालय टाइम्स**

काठमाडौं, ९ भदौ





मुक्तिनाथ दर्शन साहित्य समाज नेपाल र नवपुस्तकालय तथा ज्येष्ठ नागरिक मिलन केन्द्र सुकेधाराले संयुक्त रूपमा आयोजना गर्दै आएको मानव पुस्तकालयको पन्ध्रौं शृंखलामा मानव पुस्तकका रूपमा साहित्यकार, वरिष्ठ पत्रकार विजय चालिसे रहनुभएको थियो । मुक्तिनाथ दर्शन साहित्यसमाजका अध्यक्ष हरिभक्त सिग्देल 'महेश'को सभापतित्वमा आयोजित कार्यक्रममा उक्त पुस्तकालयका अध्यक्ष विष्णुप्रसाद पन्त अतिथिका रूपमा रहनुभएको थियो ।

प्राडा.अर्जुनदेव भट्टको स्वागत मन्तव्य तथा सुचिता काफ्लेको सञ्चालन रहेको उक्त कार्यक्रममा साहित्यकारहरू विनोद दाहाल वत्स, वासुदेव गुरागाईं, रामचन्द्र दाहाल, केशव दाहाल, सुरेशचन्द्र घिमिरे, लालबहादुर भुजेल, दुर्गा अधिकारी 'भमरकोटे' शान्ता दाहाललगायतको उपस्थिति थियो । कार्यक्रममा केही कविहरूले आफ्ना रोचक सिर्जना वाचन गरेका थिए ।

कार्यक्रममा मानव पुस्तक कथाकार, साहित्यकार विजय चालिसेले आफ्नो जीवनका विविध पाटाहरूको चर्चा गर्दै साहित्यतर्फ बालसाहित्य तथा प्रौढसाहित्यबारे प्रकाश पार्नुभएको थियो । आफूले रचना गरेका विविधा र पुस्तकहरू बारे जानकारी दिँदै उहाँले आफ्नो लामो समयको पत्रकारिताको अनुभवसमेत सुनाउनुभयो ।

उहाँले हाल पत्रकारितामा समेत व्यापार प्रवेश भएको र तिनले ठूलठूला सञ्चारगृहहरूमा लगानी गर्ने गरेका हुँदा सानातिना सञ्चार संस्था र पत्रकारहरूलाई टिक्न अप्ठ्यारो परिरहेको छ भन्नुभयो ।

कार्यक्रममा साहित्यकार तथा वरिष्ठ पत्रकार प्रा.पुरुषोत्तम दाहालले लेखकीय स्वतन्त्रता, प्रेसको तटस्थता, निष्पक्षता जस्ता विषयमा यथार्थपरक विश्लेषण गर्दै चालिसेको योगदानको चर्चा गर्नुभएको थियो । कार्यक्रममा डा.परशुराम पौडेलले कथा साहित्यका विषयमा समीक्षात्मक टिप्पणी गर्नुभएको थियो ।

कार्यक्रममा निर्मलरमण पराजुली, पदम दाहाल, महेश रिजाल, तेजनाथ दंगाल, रामचन्द्र घिमिरे, सुरेश वैद्य, अच्युतप्रसाद पौडेल 'चिन्तन', पदम दाहाल, रामचन्द्र खनाल, उत्तम शर्मा, नीरा निरौला, सुन्दर खड्का, राजेन्द्र, भुवन शिवाकोटी 'चौघरे' युवराज भण्डारीलगायतले आ-आफ्ना रचना वाचन गर्नुभएको थियो ।

## हिमालय टाईम्स राष्ट्रिय दैनिक उपत्यकामा पाईने मुख्य स्थानहरू

| बिक्रेताको नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|
| पब्लिक बुक्स | गोंगबु | 9860574914 |
| ओम बुक्स | गोंगबु | 9841745056 |
| जाल्पा बुक्स | वालाजु | 9851077284 |
| बि एण्ड बि बुक्स | गोंगबु | 9863598505 |
| सौगात बुक्स | बानेश्वर | 9841406555 |
| खड्का बुक्स | टिनकुने | 9841619167 |
| अनुज रिमाल | थापागाँउ | 9851154254 |
| रमेश थापा | मध्ये वानेश्वर | 9851072007 |
| बिन्दवासिनी | टिनकुने | 9851229710 |
| मध्य सप | मध्ये वानेश्वर | 9841257404 |
| अनिल स्टेशनरी | मिलनचोक | 9841544112 |
| रामचन्द्र स्टेशनरी | संगम चोक | 9849965563 |
| जुनार बुक्स | सिनामंगल | 9869256595 |
| प्रतिमा बुक्स | वत्तिसपुटली चोक | 9841955693 |
| गोपाल स्टेशनरी | दहचोक | 9841344850 |
| आषुतोष स्टेशनरी | कोटेश्वर | 9849072715 |
| देउजा स्टेशनरी | कोटेश्वर | 9851053560 |
| प्रतिक स्टेशनरी | कोटेश्वर | 9869302605 |
| थापा स्टेशनरी | पेप्सीकोला | 9841362435 |
| शान्ता स्टेशनरी | पेप्सीकोला | 9841929428 |
| पन्त स्टेशनरी | शान्तिनगर | 9851095700 |
| रामचन्द्र | ढल्लु | 9841729309 |
| निर्मल | जैसिदेवल | 9810260052 |
| विष्णु स्टेशनरी | वल्खु | 9849219197 |
| न्यौपाने स्टेशनरी | कालोपुल | 9849206402 |
| चाम्लिङ स्टेशनरी | लाजिम्पात | 9841745767 |
| मनोकामना स्टेशनरी | लाजिम्पात | 9841510082 |
| टयापछाप स्टेशनरी | वालुवाटार | 9841541469 |
| भट्टराई | ईन्द्रचोक | 9840795109 |
| शम्भु स्टेशनरी | कुलेश्वर | 9841412243 |
| राम वुलामी | सितापाईला | 9841833126 |
| कमल कार्की | स्वयम्भु | 9851078761 |
| आर पि बुक्स | रविभवन | |
| मानन्धर स्टेशनरी | पचलि | 9841297881 |
| थिवारी स्टेशनरी | कालोपुल | 9841595794 |
| यादब स्टेशनरी | मिलनचोक | 9841349165 |
| भक्त स्टेशनरी | धुम्बाराहि | 9841787153 |
| रिमिटान स्टेशनरी | सोह्रखुट्टे | 9851098913 |
| राजन स्टेशनरी | भोटेबहाल | 9841189830 |
| प्रढन स्टेशनरी | घट्टेकुलो | 9808942415 |
| चैतन्य स्टेशनरी | अनामनगर | 4427792 |
| यज्ञ | अनामनगर | 9861890822 |
| आर पि स्टेशनरी | बिजुलिबजार | |
| अन्जान स्टेशनरी | विशालनगर | 9851019529 |
| गोविन्द पौडेल | महाराजगंज | 9846178228 |
| अर्जुन घिमिरे | खसिबजार | 9841387295 |
| लोकप्रिय पुस्तक पसल | खसीवजार | 9841387295 |

**हिमालय टाइम्स राष्ट्रिय दैनिक**
ईम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि.
मध्यबानेश्वर काठमाडौं । फोन नं. ४४६६३९३, ४५७८१७७

# भारतीको उपन्यासमाथि अन्तर्क्रिया

**हिमालय टाइम्स**

काठमाडौं, ९ भदौ




उपन्यासकार शंकर भारतीको उपन्यास 'अनुपम देवता' को तेस्रो संस्करणको शुक्रबार सामाजिक सेवाको भवन अनामनगरमा एक समोरोहबीच अन्तर्क्रिया गरिएको छ । उपन्यास समाज नेपालको अध्यक्षसमेत रहनुभएका भारतीको पुस्तकमाथिको अन्तर्क्रियात्मक कार्यक्रमको सभापतित्व साहित्यकार श्रीओम श्रेष्ठ रोदनले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन श्रीबाबु कार्कीले गर्नुभएको थियो ।

वियोगी बुढाथोकीले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रमा दामोदर पुडासैनी किशोर, डा.शान्तिमाया गिरी, डा.दीनबन्धु शर्मा, डा.मधुसूदन लामिछाने, डा.धनप्रसाद सुवेदी, देविका तिमिल्सिना, राधेश्याम लेकाली, गोविन्द घिमिरे वेदमणि, प्राडा.रामप्रसाद ज्ञवाली, पवन आलोकले पुस्तकमाथि टिप्पणी गर्नुभएको थियो भने विष्णुबहादुर सिंहले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उक्त पुस्तकको लेखनको सन्दर्भमा उपन्यासकार भारती स्वयंले पनि प्रकाश पार्नुभएको सो कार्यक्रमा प्रमुख अतिथि रहनुभएका नगेन्द्रराज शर्माले आफ्नो विचार राख्नुभएको थियो ।

# संगीत संयोजनमा साहस

**हिमालय टाइम्स**

काठमाडौं, ९ भदौ



चार दशकअगाडि नुवाकोट जिल्लामा जन्मिनुभएका साहस शाक्य यतिबेला संगीत संयोजकको रूपमा आफ्नो पहिचान कायम गर्न सफल हुनुभएको छ । १० वर्षको उमेरमै ड्रमसेट बजाउन रुचि राख्ने उहाँ सुरुका दिनमा ग्यालिन र स्टीलको थालबाट घरमै ड्रम बनाएर बजाउन सिकेको आफ्नो विगत सुनाउनुहुन्छ ।

साहस विसं २०५० मा आफ्ना अग्रजहरूसँग मिलेर 'क्षितिज व्याण्ड' नामक पप समूह रहनुभयो । आफ्नै दाजुसमेत ब्याण्डको सदस्य भएकाले सो ब्याण्डका अन्य दाइहरूसँग घुलमिल हुन साहसलाई सहज थियो । सानैदेखि गायन, वाद्यवादन, चित्रकला र प्रविधिमा विशेष रुचि राख्ने साहसले विद्यालय स्तरीय कार्यक्रमहरूमा सहभागी भइ पुरस्कारसमेत हात पार्ने गर्नुहुन्थ्यो ।

२०५७ सालतिर अष्ट लामाको संगीत संयोजनमा साहसले आफ्नै शब्द, संगीत र स्वरमा पहिलो पटक 'हृदयमा छुपाउन सकिन' बोलको गीत रेकर्ड गर्नुभएको थियो । उहाँले ५९ सालतिर काठमाडौं आएर वसन्त उप्रेतीसँग संगीतको औपचारिक ज्ञान लिनुभयो । २०६० देखि एल्बम निकाल्ने सोचमा गीतहरू रेकर्ड गर्न थाल्नुभयो । काठमाडौंमै भएका केही सांगीतिक कार्यक्रमहरूमा दीपक बज्राचार्य, सुगम पोखरेल जस्ता गायकहरू उहाँले प्रस्तुति दिने अवसर पाउनुभयो । उहाँले २०६२ सालको अन्ततिर साहसको एल्बम बजारमा आएको थियो । उक्त एल्बमको 'जुनि जुनि'को बोलको गीतमा तत्कालीन समयकी चर्चित गयिका प्रीति कौरले पनि गायनमा साथ दिनुभएको थियो उहाँलाई । उक्त एल्बममा रहेका दुईवटा गीतका भिडियोसमेत निर्माण भएका थिए ।

गीतसंगीतमा रमाउँदै गर्दा २०६३ देखि संगीत संयोजनतर्फ आफ्ना पाइला अघि बढाउनुभयो । जुन कार्यले उहाँलाई पछि फर्केर हेर्नु परेको छैन । साहसले हालसम्म २५०० को हाराहारी गीतमा संगीतसंयोजन गर्नुभएको छ । उहाँले संगीत संयोजन गरेका सायौं गीत चर्चित बन्न सफल भएका छन् ।

गायक बन्छु भनेर काठमाडौमा आउनुभएका साहसले संगीत संयोजकका रूपमा आफ्नो ख्यातीलाई बढाउनुभयो । यसो त साहसले यो बीचमा फाट्टफुट्ट गीत नगाउनुभएको होइन । गायनमा वेष्टर्न र फ्यूजन शैलिलाई मन पराउने साहसले कोरोना कहरको सुरुवातमा आफ्नै संगीत र स्वरमा गाएको 'मेरो विश्व मेरो घर'ले निकै चर्चा पाएको थियो ।

**Invitation for Bids**

**Barahapokhari Rural Municipality**
**Office of Rural Municipal Executive**
**Koshi, Province**
**Bakhkhor Bhanjyang - Khotang**
**Invitation for Bids for the works mentioned below.**
**Date of publication: 2080/05/10 (2023/08/27)**

1. *Barahapokhari Rural Municipality* invites bids from Nepalese eligible bidders for the **Construction of the works in the table below,** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at Office of Barahapokhari Rural Municipality, Bakhkhor Bhanjyang, Khotang, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID. No. | Description of work | Estimated Amount (NRs) (With VAT) | Cost of Bid Document | Bid Security Amount (NRs) | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | BPRM/NCB/WORKS-01-2080/81 | Upgrading of Dhaplang-Sintang-Barahapokhari Road Kramagat (Bich Sankhe Khaakhargaira-Mathillo Sankhe) | 2,60,80.993.71 | 5000 | 6,50,000.00 | 90 days | 120 days |
| | BPRM/Khotang/Works/NCB/02/2080/081 | Upgrading of Dhaplang-Dhartung-Sintang-Barahapokhari Sadak Yojana (CH7+000-CH8+000) | 1,48,71,564.01 | 3000 | 4,10,000.00 | 90 days | 120 days |

**Chief Administrative Officer**